# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, जेठ ३० गते २०४७ साल (संख्या ६


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी निजी क्षेत्रमा सञ्चालित वायुसेवा कम्पनी वा फर्मलाई कार्य सञ्चालन गरेको मितिदेखि पाँच वर्षसम्म वायुसेवा सञ्चालन गरी प्राप्त गरेको आयमा आयकर छूट दिने भनी खण्ड ४२, संख्या ८, मिति २०४६ साल जेठ १६ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयको नाममा सूचना प्रकाशन गरिएकोमा अब उप्रान्त निजी क्षेत्रबाट दर्ता भई सञ्चालनमा आउने वायुसेवा कम्पनी वा फर्मलाई त्यस्तो छूट सुविधा नदिने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह- सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी वन तथा भू-संरक्षण राज्यमन्त्री श्री मोहम्मद अफताब आलमको रौतहट जिल्लास्थित घरमा २०५६ साल चैत्र १५ गते राति भएको आगलागी तथा लुटपिट र चैत्र १७ गते सोही जिल्लाका जिल्ला विकास समितिका सदस्य श्री जयप्रकाश कौशलको अपहरणसम्बन्धी घटनाहरूको जाँचबुझ गरी राय ठहरसाथ श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष र सदस्य भएको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि देहायबमोजिम तोकेको छ।

(१) आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् :–

(क) माननीय न्यायाधीश श्री गोविन्दप्रसाद पराजुली
पुनरावेदन अदालत, जनकपुर – अध्यक्ष

(ख) अधिवक्ता श्री शेरबहादुर के.सी., काठमाडौं – सदस्य

(ग) अधिवक्ता श्री अग्नि खरेल, काठमाडौं – सदस्य

(२) आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

वन तथा भू-संरक्षण राज्यमन्त्री श्री मोहम्मद अफताव आलमको रौतहट जिल्लास्थित घरमा २०५६ साल चैत्र १५ गते राति भएको आगलागी तथा लुटपिट र चैत्र १७ गते सोही जिल्लाका जिल्ला विकास समितिका सदस्य श्री जयप्रकाश कौशलको अपहरणसम्बन्धी घटनाहरूको कारण, वास्तविकता र ती घटनाहरूमा क-कसको, के-कस्तो संलग्नता रहेको छ भन्ने बारे प्रचलित नेपाल कानून अनुसार तहकिकात तथा अभियोजनलगायतका फौजदारी मुद्दाका काम कारबाहीमा बाधा नपर्ने गरी छानवीन र जाँचबुझ गरी सत्य तथ्य र वास्तविकता पत्ता लगाई राय ठहरसाथ प्रतिवेदन पेश गर्ने ।

(३) आयोगको कार्यावधि : आयोगको कार्यावधि आयोगले कार्यारम्भ गरेको मितिले ३० दिन हुनेछ।

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62

## श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सेनाको देहायका स्थानहरूमा अवस्थित ब्यारेकहरूले साविकदेखि चाँदमारी तथा अन्य अभ्यास कार्यको लागि प्रयोग गर्द देहायका गाउँ विकास समिति तथा नगरपालिकाका देहायका चार किल्ला र क्षेत्रफलका जग्गाहरूमा साविक बमोजिम नै अभ्यास कार्य सञ्चालन गर्नुपर्ने भएकोले लाई अभ्यास तथा चाँदमारी क्षेत्र घोषणा गरिएको र उक्त घोषित इलाकाहरूको पेरिमिटरदेखि बाहिर विष्फोटक पदार्थ नियम, २०२० को नियम १४ को उपनि अनुसार ११० मिटरसम्म कसैलाई पनि खेतीपाती बाहेक अन्य निर्माण कार्यहरू गरी स्थायी रूपमा बसोबास गर्न नपाउने गरिएको व्यहोरासमेत सर्वसाधारणको ज लागि यो सूचना प्रकाशन गरेको छ :–

| सि.नं. | स्थान र विवरण | अञ्चल | जिल्ला | नगरपालिका/गाउँ विकास समिति | अभ्यास क्षेत्रको चार किल्ला | | | | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १. | मंगलगढी ब्यारेक | भेरी | सुर्खेत | छिन्चु गा.वि.स. वडा नं. ६ | विरे डाँडा मन्दिर | स्पोर्ट ह्वाइट डाँडा | छिन्चु खोला | बाईसघाट खोला | अन्दाजी ३६० विगाहा वन जंगल क्षेत्र |
| २. | पूर्व चिसापानी ब्यारेक | भेरी | बाँके | पूर्व चिसापानी गा.वि.स. वडा नं. १ | इथानाला | कोहलपुर सुर्खेत सडक | देउराली डाँडाको रिज लाईन | सुर्खेत कोहलपुर सडकबाट काठो-टिया नदी हुँदै इथानालासम्म | अन्दाजी ४६७ विगाहा १० वन जंगलक्षेत्र |
| ३. | चौहर्वा ब्यारेक | सगरमाथा | सिराहा | फुलबारिया गा.वि.स. वडा नं. ७ (क) | कि.नं. ४८९ को जग्गा सिमाना | जंगल | कि.नं. ७ र ८ को जग्गा सिमाना | ऐ गा.वि.स. वडा नं. ७ (ख) को कि.नं १, २, ५ र ८ को जग्गा सिमाना | ६–१५–५ विगाहा |
| ४. | फिदिम ब्यारेक<br>(क) तितिरी बोटे फाईरिङ्ग रेन्ज | मेची | पाँचथर | फिदिम गा.वि.स. वडा नं. ४ | जंगल र भारपा जाने बाटो | जंगल क्षेत्र | हिवा खोला | भारपाबाट फिदिम आउने बाटो | अन्दाजी ८९७ रोपनी वन जंगल इलाका |
| | (ख) जोरपोखरी सामूहिक तालिम ईलाका | मेची | पाँचथर | भारपा गा.बि.स. वडा नं. २ | जंगल | फिदिम जाने बाटो | प्रहरी चौकीभन्दा दक्षिणतर्फको जंगल क्षेत्र | भारपा वडा नं. २ को जंगल क्षेत्र | अन्दाजी ४६१ रोपनी वन जंग इलाका |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | भोपुर ब्यारेक (क) जि.पि.एम.जि. र स्मल आर्मस फाईरिङ्ग रेन्ज | सेती | बझाङ्ग | भाते खोला गा.बि.स. वडा नं. ७ | सेती नदी | आवादी | जंगल | खाली जग्गा | अन्दाजी १,१४,००० हेक्टर बाँझो जग्गा |
| | (ख) २ मोर्टर फाईरिङ्ग रेन्ज | सेती | बझाङ्ग | चैनपुर गा.वि.स वडा नं ८ | जंगल | जंगल | जंगल | आवादी जग्गा | अन्दाजी १,०३१७० हेक्टर क्षेत्र |
| | (ग) ८१ मि.मि. फाईरिङ्ग रेन्ज | सेती | बझाङ्ग | सुवेडा गा.वि.स. वडा नं. ४ | आवादी | जंगल | जंगल | जंगल | अन्दाजी १३,१६,२१[illegible] हेक्टर क्षेत्र |

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको स[illegible]

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी बिभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–४ को खण्ड (क) को क्रमसंख्या ७ को देहाय (ग) को सट्टा देहायबमोजिमको (ग) राखेको छः–

"(ग) परिचर वा सो सरह  पाँच कक्षा वा सो सरह उत्तीर्ण"

आज्ञाले,
रामानन्द मिश्र
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।